# लिखुपिके गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

## चौलाखर्क,सोलुखुम्बु ।

## गाँउ कार्यपालिकाको बैठक

बैठक संख्याः१२ आ.ब.२०८१/८२

मितिः२०८१/११/०४

अध्यक्षताः श्री मीना कार्की बस्नेत

उपस्थितिः

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मीना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङमार गेल्जे शेर्पा | १ नं. वडाध्यक्ष | |
| ४ | श्री मणी राज बस्नेत | २ नं. वडाध्यक्ष | |
| ५ | श्री ध्रुब बहादुर बस्नेत | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडाध्यक्ष | |
| ७ | ङिमा छिरी लामा | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | महिला सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | महिला सदस्य | |
| १० | श्री सबिता बि.क. | दलित महिला सदस्य | |
| ११ | श्री चित्रमाया बराइली | दलित महिला सदस्य | |
| १२ | श्री निर कुमार बि.क. | सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | सदस्य | |
| १४ | श्री ज्ञानु कार्की | सचिव (नि.प्रमुख प्रशासकीय अधिकृत) | |
| १५ | श्री रमेश कठायत | इन्जिनियर | |

<u>प्रस्तावहरु:</u>

१.अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२.बिशेष अनुदान योजना माग गर्ने सम्बन्धमा ।
३.प्रदेश योजना आयोगमा योजना माग गर्ने सम्बन्धमा ।
४.एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।
५.पाँच शैय्याको आधारभुत अस्पतालको भेरियसन सम्बन्धमा ।
६.सिँचाई योजना माग गर्ने सम्बन्धमा ।
७.एस.ई.ई.परिक्षा केन्द्र कायम गर्ने सम्बन्धमा ।
८.संयुक्त बैठक सञ्चालन गर्ने सम्बन्धमा ।
९.हाईड्रोपावर सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं.१

प्रस्ताब नं. १ माथी छलफल गर्दा मिति २०८१/१०/१४ गते बसेको एघारौं कार्यपालिका बैठक मार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन? कार्यान्वयन नभएका निर्णयहरु के कति कारणले कार्यान्वयन नभएका हुन सो सम्बन्धमा समीक्षा गरि यथासिघ्र कार्यान्वयन गर्ने सर्बसम्मत निर्णय लिइयो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिका कार्यालय मार्फत आर्थिक बर्ष २०८०/८१ मा विशेष अनुदान शिर्षक मार्फत माग गरिएका कुनै पनी आयोजनाहरु प्राप्त नभएकोले आगामी आर्थिक बर्षको लागी आवश्यक आयोजनाहरु राष्ट्रीय योजना आयोगमा माग गर्ने सर्बसम्मत निर्णय लिइयो ।

निर्णय नं. ३

प्रस्ताब नं. ३ माथी छलफल गर्दा आगामी आर्थिक बर्ष २०८२/८३ को लागी कार्यान्वयन हुने गरि कोशी प्रदेश सरकार,प्रदेश योजना आयोगबाट योजनाहरु माग भै आएकोमा तपसिलमा उल्लेखित योजनाहरुलाई प्रदेश योजना आयोग मार्फत माग गर्ने सर्बसम्मत निर्णय लिइयो।

<u>तपसिल:</u>

| क्र.स. | आयोजनाको नाम | लागत अनुमान | आयोजना स्थल | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | लिखुखोला-लाममाने सडक स्तरोन्नती | तीन करोड | लिखु पिके ३ र १ | पुर्वाधार |
| २ | बुद्ध मा.वि. – मैली-काफ्लेचौर सडक स्तरोन्नती | एक करोड | लिखु पिके २ र ३ | पुर्वाधार |
| ३ | किन्ना-लामाजुरा सडक स्तरोन्नती | एक करोड | लिखु पिके ५ | पुर्वाधार |
| ४ | डुँडा-चमरगाँउ-खड्काटोल हुँदै गाउँपालिका जोड्ने सडक स्तरोन्नती | दुइ करोड | लिखु पिके ३,४ र ५ | पुर्वाधार |
| ५ | रातामाटे-यर्माखु झोलुंगे पुल निर्माण | पचास लाख | लिखु पिके २ र ३ | पुर्वाधार |
| ६ | पिलिङ-कोरेम झोलुंगे पुल निर्माण | पचास लाख | लिखु पिके ४ र उमाकुण्ड-१ | पुर्वाधार |
| ७ | सानो दोभान झोलुंगे पुल | चालिस लाख | लिखु पिके १ र ५ | पुर्वाधार |
| ८ | मझुवा खोला ट्रस ब्रिज | चालिस लाख | लिखु पिके ५ | पुर्वाधार |
| ९ | सिस्नेरी-ओखरबोटे-लिगर्मु सिँचाइ आयोजना | पचास लाख | लिखु पिके -३ | खानेपानी,सिँचाइ तथा उर्जा |
| १० | ज्याङदलु-जोगीडाँडा-चमरगाउँ-लिगर्मु सिँचाई आयोजना | तीस लाख | लिखु पिके-३ | खानेपानी,सिँचाइ तथा उर्जा |
| ११ | मेस्की टोल खानेपानी आयोजना | पन्ध्र लाख | लिखु पिके -२ | खानेपानी,सिँचाइ तथा उर्जा |
| १२ | पातालेखर्क-मानेडाँडा-काफ्लेचौर खानेपानी आयोजना | | लिखु पिके-३ | खानेपानी,सिँचाइ तथा उर्जा |
| १३ | भिरखर्क-लेलेपु खानेपानी आयोजना | पचहत्तर लाख | लिखु पिके-४ | खानेपानी,सिँचाइ तथा उर्जा |
| १४ | कँरे खानेपानी आयोजना | | लिखु पिके-५ | खानेपानी,सिँचाइ तथा उर्जा |
| १५ | फँलाटे खानेपानी आयोजना | | लिखु पिके-५ | खानेपानी,सिँचाइ तथा उर्जा |
| १६ | जसमाने खानेपानी आयोजना | | लिखु पिके-५ | खानेपानी,सिँचाइ तथा उर्जा |
| १७ | अलैंची बाली प्रबर्धन तथा रोग नियन्त्रण | पच्चिस लाख | लिखु पिके गा.पा. | उद्योग,कृषि तथा सहकारी |

| | | | |
|---|---|---|---|
| लिखु पिके गाउँपालिका कृषि तथा व्यापारिक केन्द्र स्थापना | एक करोड | लिखु पिके गा.पा. | उद्योग,कृषि तथा सहकारी |
| उन्नत जातको गाई तथा बाख्रा प्रवर्धन कार्यक्रम | तीस लाख | लिखु पिके गा.पा. | उद्योग,कृषि तथा सहकारी |
| गोलि आ.वि. पाँच कोठे भवन निर्माण | एक करोड | लिखु पिके-१ | सामाजिक बिकास मन्त्रालय |
| बुढा किञ्जा आ.वि. अठाह्र कोठे भवन निर्माण | सात करोड सत्ताईस लाख | लिखु पिके-५ | सामाजिक बिकास मन्त्रालय |
| जनसेवा आ.वि. भवन निर्माण | दुइ करोड | लिखु पिके-४ | सामाजिक बिकास मन्त्रालय |
| पाँचै वडामा वडास्तरीय खेलमैदान निर्माण | एक करोड पच्चीस लाख | लिखु पिके गाउँपालिका | सामाजिक बिकास मन्त्रालय |
| महिला लक्षित सिपमुलक उद्धमशील कार्यक्रम | पच्चिस लाख | लिखु पिके गाउँपालिका | सामाजिक बिकास मन्त्रालय |
| अल्पसङ्ख्यक थामी जाति र दलित समुदायलाई व्यवसायिक सिपमुलम तालिम तथा उपकरण वितरण | पच्चीस लाख | लिखु पिके गाउँपालिका | सामाजिक बिकास मन्त्रालय |
| बुके पोम्दोक बुद्ध चिल्ड्रेन पिक्निक पार्क निर्माण | चार करोड त्रिसठ्ठी लाख त्रिचालिस हजार | लिखु पिके गाउँपालिका | सामाजिक बिकास मन्त्रालय |
| मेरो लिखु पिके मोबाइल एप निर्माण | दश लाख | लिखु पिके गाउँपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| पिके पिक टुरिजम एरिया आयोजना निर्माण | चार करोड बत्तीस लाख | लिखु पिके गाउँपालिका | पर्यटन वन तथा वातावरण मन्त्रालय |
| किञ्जा खोला जलाधार क्षेत्र व्यबस्थापन तथा तटबन्धन निर्माण | एक करोड पचास लाख | लिखु पिके-५ | पर्यटन वन तथा वातावरण मन्त्रालय |
| किञ्जा-छिम्बु-सेटे सडक स्तरोन्नती | चार करोड | लिखु-पिके-५ | पुर्वाधार |

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा सञ्चालनमा रहेको एम्बुलेन्स पुरानो भएको कारण सेवा प्रवाहमा समस्या रहेकोले यस पालिकाको लागी आवश्यक एक थान चार पांङ्ग्रे एम्बुलेन्स उपलब्ध गराइदिनको लागि भाररतीय राजदुतावासमा माग गरि पठाउने सर्वसम्मत निर्णय लिइयो ।

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा लिखु पिके गाउँपालिकामा निर्माणाधीन पाँच शैय्याको आधारभुत अस्पताल निर्माणको क्रममा डि.पि.आर. बमोजिमको ड्रइङमा पहिलो र दोस्रो तलाको स्ल्याब कोलमभन्दा अगाडिपट्टी १.४ र १.६५ मिटर र दाँयापट्टी १.३५ मिटर रहेको तर बिम प्रोजेक्ट नगरिएको तर नेपाल भवन संहिता कोडअनुसार यस्तो प्रकारको संरचना प्रभावकारी नहुने देखिएको हुँदा पहिलो तलामा बिमलाई १ मिटर र स्ल्याबलाई १.१ मिटर तथा दोस्रो तलामा बिमलाई १.१ मिटर र स्ल्याबलाई १.२ मिटर प्रोजेक्सन गरी निर्माण गर्नुपर्ने देखिएकोले सो सम्बन्धमा आवश्यक प्राबिधिक जाँच गरी प्रतिबेदन पेश गर्न पुर्वाधार बिकास शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय लिइयो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस लिखु पिके गाउँपालिका वडा नं. २ स्थित कोरेसी खोलाको पानी आइतबारे हुँदै रिस्ती-सिरुवा-खाप्टेल खोला सम्म, उमाकुण्ड १ र २ को सिमानामा रहेको ठाडोखोलाको पानी लिखु पिके वडा नं. ३ लिगर्मुको लागी र लिखु पिके वडा नं. १ सर्डिखर्क खोलाको पानी सेर्डिखर्क-कोसिनासा-नागथान-गेप्चुकामा कासी गोलि सिँचाई आयोजना सञ्चालनको लागी सम्बन्धित निकायमा पहल/समन्वय गर्ने सर्वसम्मत निर्णय लिइयो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा साबिक यसै गाउँपालिका भित्रै सञ्चालन भइरहेको एस.ई.ई. परिक्षा यसपटकदेखी १५० जना बिद्यार्थी संङ्ख्या नपुगेको कारण सम्बन्धित जिल्लाको सदरमुकाममा मात्रै परिक्षा सञ्चालन गर्ने निर्णय भएको तर यस गाउँपालिकाको भौगोलिक बिकटता र अधिकांश

परिवारको आर्थिक अवस्था कमजोर रहेको कारण जिल्ला सदरमुकामसम्म पुगेर परिक्षामा सहभागी हुनको लागि समस्या हुने भएकोले साविक बमोजिम नै यस गाउँपालिकाको वडा नं.३ स्थित श्री हिमगंगा मा.वि.मा परिक्षा केन्द्र सञ्चालन गरी सहज रुपमा एस.ई.ई. दिने वातावरण मिलाइदिनको लागी जिल्ला समन्वय समिति सोलुखुम्बुलाई लेखी पठाउने र सो सम्बन्धमा आवश्यक समन्वय गर्ने सर्वसम्मत निर्णय लिइयो ।साथै यस लिखु पिके गाउँपालिका वडा नं. ३ स्थित श्री हिमगंगा मा.वि.मा संञ्चालनमा रहेको कृषि प्राबिधिक बिषयको परिक्षा समेत सोहि बमोजिम सञ्चालनको लागी समेत पहल/समन्वय गर्ने सर्वसम्मत निर्णय लिइयो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्र सञ्चालनमा रहेका हाइड्रोपावरहरुले सामाजिक उत्तरदायित्व बापत खर्च गर्नुपर्ने रकम र सो सम्बन्धी बिबिध बिषयमा सर्वदलीय,सर्वपक्षीय बैठक राख्नुपर्ने देखिएकोले सोलुखुम्बु जिल्लाको संघीय प्रतिनिधी संसद,प्रदेश संसद,गाउँपालिका जनप्रतिनिधी र हाइड्रोपावर पिडित नागरिक संघर्ष समितिका पदाधिकारिहरुको संयुक्त सहभागितामा यहि फाल्गुन महिनाभित्र काठमाण्डौमा हुने गरी संयुक्त बैठक आयोजना गर्ने सर्वसम्मत निर्णय लिइयो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस लिखु पिके गाउँपालिकामा सञ्चालित हिमस्टार र एपोल्लो हाइड्रोपावर कम्पनीलाई वडा नं. १ र २ नं. वडा कार्यालयबाट माग भैआएको विवरणको आधारमा सामाजिक उत्तरदायित्व वापतको रकमबाट खर्च हुने गरी कार्य गर्न लगाउने गरी पत्राचार गर्ने सर्वसम्मत निर्णय लिइयो ।